गंगादेव गाउँपालिकाको कार्यालय
दर्ता नं.: १२४८(८६)
मितिः २०७६।१।२९

प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं. ५,
बुटवल, रुपन्देही

फोन नः०७१-५५०००३
-५५००६३
ईमेलः mocap5.temp@gmail.com

पत्र संख्या ०७५/७६
चलानी नं. १०२८

मिति २०७६।०१।११

श्री गगादेव गाउँपालिका,
रोल्पा ।

विषय : वित्तीय समानीकरण अनुदान तथा सवारी साधन कर बाँडफाँडको सीमा निर्धारण गरिएको ।

उपर्युक्त सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको च.नं. ४७४ मिति २०७५।१२।२८ को पत्रबाट सिफारिस भई आए अनुसार आगामी आर्थिक वर्ष २०७६।७७ को लागि प्रदेश सरकारबाट तहाँ पालिकामा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान र सवारी साधन करको सीमा देहाय बमोजिम कायम गरिएको व्यहोरा प्रदेश सरकार (माननीय मुख्यमन्त्री एवं आर्थिक मामिला तथा योजना मन्त्रीस्तर) को मिति २०७६।०१।०९ को निर्णयानुसार अनुरोध छ ।

| सि.नं. | शिर्षक | रकम (हजारमा) |
|---|---|---|
| १ | वित्तीय समानीकरण अनुदान | ४१४७ |
| २ | राजस्व बाँडफाँड (सवारी साधन कर) | ४१४४ |

अनुमानित श्रोतका बाँडफाँडका आधारहरु

१. वित्तीय समानीकरण अनुदान र स्थानीय विभाज्य कोषमा दाखिला हुने सवारी साधन करको अनुमानीत राजस्व बाडँफाँडको रकम राष्ट्रिय प्रकृतिक श्रोत तथा वित्त आयोगले तोकेअनुसार प्रदेशमा रहेका स्थानीय तहहरुलाई बाडँफाँड गरिएको छ ।

निर्देशनहरु

१. नेपालको संविधानको अनुसूचीहरुमा उल्लेखित आधारभूत जिम्मेवारीमा रहने कार्य एवं विभिन्न तहका सरकारबाट सम्पादन हुनुपर्ने कार्य जिम्मेवारी सम्बन्धमा नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरणमा उल्लेखित कार्य मध्ये स्थानीय तहबाट सम्पादन गर्नुपर्ने कार्यका लागि यथेष्ट रकम विनियोजन गरेपछि अन्य कार्यक्रम तथा आयोजनामा रकम विनियोजन गर्नुपर्नेछ ।
२. स्थानीय तहले वहन गर्नुपर्ने अनिवार्य दायित्वका विषयहरुमा रकम विनियोजन गर्नुपर्नेछ ।
३. समानीकरण अनुदान वापत प्राप्त रकम अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन खर्चका लागि विनियोजन नगरी विकास निर्माण तर्फ खर्च गर्ने गरी प्राथमिकता निर्धारण गर्नुपर्नेछ ।

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५,
बुटवल, रुपन्देही

पत्र संख्या ०७५/७६
चलानी नं.

फोन नः०७१-५५०००३
-५५००६३
ईमेलः moeap5.temp@gmail.co

अन्तर सरकारी वित्त हस्तान्तरण

१. वित्तीय समानीकरणको रकम त्रैमासिक रुपमा क्रमश भाद्र २५, कार्तिक २५, माघ २५ र बैशाख २५ मा गरी चार किस्तामा उपलब्ध गराइने छ ।

२. वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयलाई कार्तिक २४, माघ २४ र बैशाख २४ र आषाढ मसान्त भित्र पठाइसक्नुपर्नेछ । विवरण उपलब्ध नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सम्बन्धित संचित कोषमा दाखिला गरिने छैन ।

३. यस मन्त्रालयको च.नं. १०१२ मिति २०७६।०१।०९ को पत्र मार्फत् स्थानीय तहहरुलाई प्रदेश सरकारले आर्थिक वर्ष २०७६।७७ मा समपुरक अनुदान उपलब्ध गराउन स्थानीय तहहरुको वर्गीकरण गरी प्रदेश सरकारले व्यहोर्ने अधिकतम रकमको सीमा तोकेको व्यहोरा विदितै छ । समपूरक अनुदान सम्बन्धमा समपूरक अनुदान व्यवस्थापन कार्यविधि २०७५ अनुसार वित्तीय हस्तान्तरण गरिनेछ ।

४. विभाज्य कोषमा जम्मा भएको सवारी साधन करको रकम मासिक रुपमा स्थानीय तहको संचित कोषमा जम्मा हुने व्यवस्था मिलाईनेछ ।

वित्तीय अनुशासन

१. नेपालको संविधान अनुसार प्रदेश र स्थानीय तहको साझा क्षेत्राधिकार भित्र रहेका र स्थानीय तहबाट संकलन् हुने राजश्व अन्तरसरकारी वित्त हस्तान्तरण ऐन २०७४ र प्रदेश नं. ५, प्रदेश वित्त व्यवस्थापन ऐन २०७५ को व्यवस्था बमोजिम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

२. महालेखा नियन्त्रक कार्यालयले आय र व्ययको एकीकृत आर्थिक विवरण तयार गरी महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्ने हुँदा निर्धारित ढाँचामा स्थानीय तहको आय व्यय प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ ।

.........
खडानन्द खरेल
शाखा अधिकृत

फोन नं.:-०७१-५५०००३
०७१-५५००६३

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं.५
बुटवल, नेपाल

पत्र संख्या ०७५/०७६
चलानी नं १०१२

मितिः-२०७६/०१/०९

विषयः- आगामी आ.व.२०७६/०७७ का लागि समपूरक अनुदानका आयोजना माग गर्ने सम्बन्धमा।

श्री स्थानीय तह सबै,
प्रदेश नं. ५ ।

प्रस्तुत विषयमा समपूरक अनुदान व्यवस्थापन कार्यविधि, २०७५ को दफा ७(१) मा "स्थानीय तहले समपूरक अनुदानमा माग गरिने आयोजनाहरुको विवरण आर्थिक वर्ष सुरु हुनु भन्दा अगाडीको बैशाख मसान्तभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ" भन्ने व्यवस्था रहेको छ। तसर्थ तहाँ स्थानीय तहले आगामी आ.व.२०७६/०७७मा प्रदेश सरकारसँगको लागत सहभागितामा सञ्चालन गर्ने समपूरक अनुदानका आयोजनाहरु २०७६ बैशाख मसान्तभित्र उक्त कार्यविधिमा तोकिएको प्रक्रिया पूरा गरी देहायको बजेट सीमाको अधिनमा रही आयोजना प्रस्ताव गर्नुहुन प्रदेश सरकार (माननीय मुख्यमन्त्री एवं आर्थिक मामिला तथा योजना मन्त्रीस्तर) को मिति २०७६/०१/०९ को निर्णयानुसार अनुरोध छ।

तपसिल

| सि.नं. | स्थानीय तहको वर्गीकरण | प्रदेश सरकारले व्यहोर्ने अधिकतम रकमको सीमा | कैफियत |
|---|---|---|---|
| १ | उप-महानगरपालिका | तीन करोड | |
| २ | नगरपालिका | दुई करोड | |
| ३ | गाउँपालिका | एक करोड पचास लाख | |

नोटः- चालु आर्थिक वर्ष २०७५/०७६ मा बहुवर्षीय आयोजना स्वीकृत भएका स्थानीय तहहरुले त्यस्ता आयोजनाहरुलाई आगामी आ.व.२०७६/०७७ को लागि प्राथमिकतामा राखी स्रोत सुनिश्चित गरेर मात्र नयाँ आयोजना प्रस्ताव गर्नुपर्नेछ। साथै उल्लेखित अवधि पछि प्राप्त आयोजनाहरुको हकमा कारवाही अगाडी बढाउन नसकिने व्यहोरा समेत अनुरोध गरिन्छ।

(खेडानन्द खरेल)
शाखा अधिकृत